आ.व. ०७८।०७९
वैठकः- नगर कार्यपालिका बैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. ०९।०७८।०७९
मितिः-२०७८।१०।०९ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

नाम थर

| | पद | ठेगाना कार्यपालिका | उपस्थिति |
|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम वहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री ~~पितास्बर पाण्डे~~ दुर्गा ब. थापा नि.प्रमुख प्रशासकीय अधिकृत | | ता.न.पा | सचिव |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष | | ता.न.पा ४ | |
| राधा घिमिरे (रोजगार संयोजक) | | ता.न.पा.३ | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा स्थापित २०६३

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिकाको १० औं नगरसभा मिति २०७८।९।२९ गते सम्पन्न भएकोमा चालु आ.वको समग्र वजेट नीति तथा कार्यक्रम विषयगत रुपमा समिक्षा गरियो । सभामा नगरपालिकावाट भएका ५ वर्षको उपलब्धि र सवालहरुवारे प्रस्तुत गरिएको, समग्रमा नगरसभाले विनियोजन विधेयक सम्सोधन लगायत नितिगत निर्णय गरी सफलता साथ सम्पन्न भयो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकामा रहेका प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको निर्देशक समितिवाट निर्णय भई आएका योजनाहरु अनुमोदन गर्ने र देहायका योजनाहरुं यस वर्ष संचालन तथा सम्पन्न गर्ने निर्णय गरियो ।

| योजनाको नाम | वडा नं | सूचिकृत बेरोजगार संख्या | बिनियोजित रकम |
|---|---|---|---|
| नांगेडाँडा देखि बोकेपानी जानी पुरानो मुल बाटो | १ | ४ | २३०८०० |
| हेमा आलेको घर देखि बरको बोट सम्म पुरानो बाटो | १ | | |
| अमरनारायण परिसर क्षेत्र संरक्षेण र चौपारी निर्माण तथा तारबार गर्ने | २ | १९ | ३४६२०० |
| मेहलधारा क्रियापुत्री भवन संरक्षण तथा त्यहा पुग्ने बाटो निर्माण गर्ने | २ | | |
| शान्ती स्तुप सिन्दुरे धारा वनदेवी क्षेत्रमा पैदल मार्ग निर्माण | ३ | २२ | ५७७००० |
| श्रीनगर क्षेत्र पैदल मार्ग र पोखरी निर्माण | ३ | | |
| छात्रावास सापाखुम नाली निर्माण | ५ | ० | ४०३९०० |
| सपाङ्गदी नाली तथा बाटो निर्माण | ५ | | |
| वनदेवी माथिल्लो धरमपानीमा नयाँ बाटो निर्माण | ५ | | |
| ता न पा ६ बिरखोपको एक्लेबरदेखि बिरखोप यानु कुमालको घर सम्मको मोटर बाटो स्तरउन्नती | ६ | ७२ | ५७७००० |
| जैसी चौपारी देखि दिलकुमारको घर सम्म नाली तथा बाटो निर्माण र चन्द्र रानाको घर देखि मिना ढुंगानाको घर सम्म नाली निर्माण | ६ | | |
| पालेपिपल देखि हात्तीगौडा सम्म पक्कि सडकको नाली सफाई | ६ | | |
| सुदर्सन कोइरालाको घर देखि लाकुरी हुदै भद्र चौपारी सम्मको पहिरो तथा नाली सफा | ६ | | |
| चण्डीस्थान मन्दिर, कालिका थान, खुमलाल ढकाल हुदै ललित सरको घर सम्म बाटो निर्माण तथा नाली | ७ | ३५ | ५१९३०० |
| कालिका थान देखि रानीकोहल हिड्ने गोरेटोबाटो र पुर्णमायाको घरदेखि रानी कोल सम्म कच्ची नाली | ७ | | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| वडाको बाटाहरुको नाली सरसफाई र बंश गोपाल पार्क सरसफाई | ७ | | |
| सारदा मा.वि.गाङ्गदी पुल देउराली कृषी तथा पर्यटकीय | ८ | ४९ | १०९६३०० |
| भालेबास छाप पीपलडाँडा तिनाउ कृषी सडक मर्मत | ८ | | |
| तिन्टीआँप प्रा.वि.काफलचोक ,डीठीनडाँडा नाली निर्माण | ९ | १८ | ५१९३०० |
| ढाक्रेबास देखी दामोदर चीतौरेको घर सम्मको मोटर बाटोमा नाली निर्माण र बाटो विस्तार | ९ | | |
| गावुडाडा देखि बुढीपधेरा जाने बाटो निर्माण | १० | १५८ | ५७७००० |
| देउराली सिंजाली टोल, गुफाचौर जाने मोटर बाटो निर्माण | १० | | |
| कुडापानी रिपटोल मोटर बाटो | ११ | १९९ | १०९६३०० |
| भालुबन गहते चिलाउने खर्क मोटर बाटो | ११ | | |
| पुजेरीटोल मजुवा खेत मुनी मोटर बाटो | ११ | | |
| सुनारे घुम्ति देखि कुहिरे भिर जाने गोरेटो बाटो निर्माण | १२ | ४५ | ४६१६०० |
| मैदानथोक दखि चण्डीभन्ज्याङ जाने गोरेटो बाटो निर्माण | १२ | | |
| लल्यौरी गैरा देखि सिद्धगुफा जाने गोरेटोबाटो निर्माण | १२ | | |
| डाडा टोल देखि वाउन्ने पीपल जाने पैदल मार्ग निर्माण | १३ | २० | ३०६२०० |
| पुरानो स्कूल देखि बैरादी हुदै कालिगण्डकी कोरिडोर सम्म जोड्ने गोरेटो बाटो | १३ | | |
| अर्गली ख्याहा मोटर बाटो | १४ | ८७ | ४०३९०० |
| कमलपोखरी गुफा जाने बाटो | १४ | | |
| | जम्मा | ७२८ | ७११४८०० |

**निर्णय नं. ३**

तानसेन नगरपालिकामा नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन २०७८ वमोजिम हुने गरि गुनासो सुनुवाई अधिकारी छनौटको लागि सूचना प्रकाशन गर्ने र मन्त्रालयवाट प्राप्त गरिव परिवारको प्रारम्भिक सूची सवै वडा कार्यालयमा पठाउने साथै वडा स्तरीय गुनासो सुनुवाई सहजिकरण समिति गठन गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. २ स्थित आंखा अस्पताल देखि शिवालय टोल झर्ने भित्री वाटो निर्माण तथा स्तरोन्नती गर्नका लागि **मागमा आधारित शिर्षकवाट रु. ४ (चार लाख)** विनियोजन गर्ने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ५**
तानसेन नगरपालिका वडा नं. १ स्थित उकाली पिपलमा खानेपानी टंकी निर्माण गर्नका लागि **मागमा आधारित शिर्षकवाट रु. २,००,०००। (दुई लाख)** विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**
ता.न.पा वडा नं. ५ वतासेडाडा देखि रानीघाटसम्मको थ्री फेज विद्युत विस्तारको लागि नेपाल विद्युत प्राधिकरण र तानसेन नगरपालिका वीच मिति २०७८ मंसिर १० गते भएको सम्झौता वमोजिम कार्य अगाडी वढाउने र यस आयोजनाको लागि आवस्यक वजेट ता.न.पा. को **मागमा आधारित** शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**
मिडिया एण्ड सर्भिस प्रा.लिले पाल्पा जिल्लाको पर्यटकीय गन्तव्यमा आधारित श्रव्य दृश्य सामाग्री तयार गरी पाल्पा जिल्लाको पर्यटन विकासमा योगदान पुर्‍याउने भएकोले उक्त संस्थालाई शुभकामना सहयोग वापत रु. १०,०००। ता.न.पा. को कला संस्कृति संरक्षण शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**
तानसेन नगरपालिका वडा नं. २ स्थित ठुलो पोखरी निर्माण कार्यको अधुरो कार्यको लागि **मागमा आधारित शिर्षकवाट रु. २५ (पच्चिस लाख)** विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**
ता.न.पा. वडा नं. ९ दमकडा स्थित निर्माणाधिन अवास्थामा रहेको न्यानो सितलु घर योजनाको थप कार्यका लागि चालु आ.व.को **नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तरगत क्रं. सं. २९ सुरक्षित आवास(Safe House) तथा शौचालय सामाग्री अनुदान शिर्षकमा बिनियोजित रकमबाट रु ५,००,०००।००** (पांच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
तानसेन नगरपालिका स्थित बर्तुङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिको मिति २०७८।१०।६ च.नं. २२ को पत्र र यस कार्यालयमा मिति २०७८।१०।६ मा २३३७ को दर्ता भएको लायन्स लाकौल आखा अस्पतालको सेरोफेरोमा खानेपानी टंकी निर्माण गरी तानसेनको खानेपानी समस्यालाई समाधान गर्नका लागि १ हजार धारा वितरण गर्ने गरी १० हजार लि. को ५ घनमिटरको टंकी निर्माण र रु. १५०। महशुल निर्धारण गरी पानी खुवाउने प्रस्ताव सहित सहयोग माग भई आएकोमा बर्तुङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पुर्ण वैठकवाट अनुमोदन गर्ने र तानसेन नगरपालिकासंग छुट्टै सम्झौता गर्ने गरी उक्त क्षेत्रमा खानेपानी टंकी निर्माणको लागि आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ११**
कोभिड १९ को तेश्रो भेरियन्टको कारण व्यवसाय संचालन तथा अन्य सेवा संचालन गर्न समस्या परेकोले अग्रपंतीमा रहेर व्यवसाय गर्ने व्यवसायी, वैंकर्स, स्वास्थ्यकर्मी र गाडीमा काम गर्ने मजदुरहरुको लागि बुस्टर डोज खोप लगाउने जिल्ला प्रशासन कार्यालय पाल्पा र स्वास्थ्य कार्यालय पाल्पालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**
ता.न.पा. वडा नं. १ र वडा नं. ११ को वडा कार्यालय भवन निर्माणका लागि यस आ.व.मा जिल्ला समन्वय समिति पाल्पावाट प्राप्त रु. ६० लाख र ता.न.पा. को **मागमा आधारित शिर्षकवाट रु.४० लाख** विनियोजन गर्ने र दुवै भवनहरुको लागि क्रमागत (बहुवर्षीय) रुपमा वजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित। निर्णय गरियो ।

**निर्णय नं. १३**
नेपाल पत्रकार महासंघ पाल्पावाट महासंघवाट प्रकाशन हुने प्रवाहमा सूचनामुलक सन्देश सहितको शुभकामना प्रकाशन गरिएकोले संस्थागत रुपमा रु २०,००० सूचना तथा संचार शिर्षकवाट निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १४**
लायन्स क्लव अफ पाल्पावाट प्रकाशन सूचनामुलक सन्देश सहितको शुभकामना प्रकाशन गरिएकोले संस्थागत रुपमा स्थानीय गैरसरकारी संस्था सवलीकरण कार्यक्रम शिर्षकवाट रु. २५,०००। निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १५**
तानसेन नगरपालिकाको नवौं नगरसभावाट पारित भई विभिन्न कारणले कार्य गर्न नसकीएका देहायका योजनाहरु सम्शोधन गर्ने निर्णय गरियो ।

**वडा नं. १३**

**योजनाहरुको नाम**

क)

**साविकको योजना**

वडाका विपन्न परिवारलाई आर्थिक शशक्तिकरण कार्यक्रम विनियोजन रकम रु. २०००००।

**सम्शोधित योजना**

मिलनशार सामाजिक महिला उद्यमी सहकारी कम्प्युटर लगायतका सामान खरिद रु. २०००००।

**(ता.न.पा कार्यालय मार्फत खरिद गरी हस्तान्तरण गर्ने)**

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**ख)**

**साविकको योजना**

तारु गैरा देखि पोखरासम्म सिंचाई कुलो मर्मत रु. ५०००००।

**सम्शोधित योजना**

साविक वडा नं. ६ को खानेपानी योजना रु. ५०००००।

**ग)**

**साविकका योजना**

पिपलवोट खानेपानी टंकी निर्माण रु. २०००००।

**सम्शोधित योजना**

साविक वडा नं. ४ को सामुदायिक भवनमा कोठा थप गर्न रु. २०००००।

**वडा नं. ६**

**क)**

**साविकको योजना**

अर्चले शिवालय मन्दिरवाट टिकाराम वस्यालको घर जाने मोटर वाटो मर्मत सम्भार रु.१०००००।

**सम्शोधित योजना**

अर्चले कमल बहादुर कुमालको घर हुदै सिमलगैरा जाने वाटो रु. १०००००

**ख)**

**साविकको योजना**

करुवा टोल नया मूल व्यवस्थापन संरक्षण  रु. ५००००।

**सम्शोधित योजना**

करुवा टोल धारा जाने वाटो मर्मत रु.५००००।

**वडा नं. ११**

**क)**

**साविकको योजना**

गार्गी धुनाघाट मोटरवाटो रु.३०००००।

विपद् व्यवस्थापन रु.१०००००।

**सम्शोधित योजना**

वडास्तरीय खानेपानी योजना बन्दिपोखरा रु. ४०००००।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner